# जनसचेतन इ बुलेटिन
JANASACHETAN E BULLETIN

वर्ष : २ (दुई) | अंक : ५ (पाँच) | पृष्ठ संख्याः ७ (सात) | अवधिः कार्तिक-पौष | प्रकाशित मितिः २०८२ माघ १५


# नियमित निरीक्षण तथा अनुगमन (स्क्यान) कार्यक्रममा आवद्धता

■ जनसचेतन साकोस, दोलखा
२०८२ मंसिर ८, सोमबार

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) ले ल्याएको नियमित निरीक्षण तथा अनुगमन (स्क्यान) कार्यक्रममा जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. ले आबद्धता जनाएको छ ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत डा. शिवजी सापकोटा र जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष गोपालध्वज श्रेष्ठ, नेफ्स्कूनका बरिष्ठ अधिकृत नविनराज दहाल, भरत न्यौपाने, राजन सुवेदीको उपस्थितिमा नेफ्स्कून सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकाल र साकोसका प्रमुख



कार्यकारी अधिकृत नवराज दाहालको हस्ताक्षर बीच सम्झौता सम्पन्न भएको थियो । साकोसले संघमा आएर सुशासन र साकोस गुणस्तरताको अभियानमा प्रतिवद्धता जनाएको हो । साथै राज्यको प्रत्यक्ष नियमनमा रहने र बचत तथा ऋण सहकारी अभियानको सुदृढीकरणको लागि यस स्क्यान कार्यक्रम आफैमा उत्कृष्ट औजारको रुपमा हुने विश्वास लिएको छ ।

संघको ३८ औं स्थापना दिवसको दिन सार्वजनिक भएको स्क्यान कार्यक्रमले संघका सबै सदस्य संघ संस्थाहरुलाई अनुगमन तथा निरीक्षण गरी आवश्यक मार्गदर्शन प्रदान गर्ने उद्देश्य राखेको छ ।

सहकारी ऐन, २०७४ को व्यवस्थामा भएका दफा २५, ९९ र १०३ को कार्यान्वयन, सहकारीका सात सिद्धान्तहरू, बचत तथा ऋण सहकारीका चार सिद्धान्तहरू, पहिलो र दोस्रो पक्षको विनियमको व्यवस्था, पहिलो र दोस्रो पक्षका नीति तथा कार्यक्रमहरूको नीतिगत तथा सैद्धान्तिक वातावरणमा बचत तथा ऋण

*बाँकी पृष्ठ २ मा*

# रक्तदान कार्यक्रम


■ जनसचेतन साकोस, दोलखा
२०८२ मंसिर ५, शुक्रबार

दोलखाको वैतेश्वर गाउँपालिका वडा नम्वर ५ मैनापोखरीमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि., जनमुखी बचत तथा ऋण सहकारी संस्था लि. र नेपाल रेडक्रस सोसाइटी काब्रे उपशाखाको संयुक्त आयोजना तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दोलखाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा ३७ जनाले रगत दान गर्नु भएको



*बाँकी पृष्ठ २ मा*

# ८ लाख ४७ हजार २ सय ५० सहयोग रकम हस्तान्तरण




| शीर्षक | जना | रकम रु. |
|---|---|---|
| आजीवन सहारा भत्ता | १३४ | १९६५००।०० |
| स्वास्थ्य उपचार सहयोग | ७ | ३५०००।०० |
| सुत्केरी स्याहारमा सहयोग | १७ | ३४०००।०० |
| सामाजिक संस्कार खर्च | १५ | ७५०००।०० |
| सदस्य सुरक्षा कोष | १९ | ४८९०००।०० |
| स्वास्थ्य बीमाको प्रिमियममा सहयोग | ३९ | १७७५०।०० |
| जम्मा | २३१ | ८४७२५०.०० |

**२०८२ कार्तिकदेखि पौष मसान्त सम्ममा विभिन्न शीर्षकमा सहयोग मार्फत २ सय ३१ जना शेयर सदस्यहरुलाई ८ लाख सड्चालिस हजार २ सय ५० रुपैयाँ सहयोग हस्तान्तरण गरिसकिएको छ ।**

## सम्पादकीय

# सहकारीमा अर्धवार्षिकी समीक्षाको महत्व

संस्थाको लागी तोकिएका कार्यक्रम र बजेट सहितको लक्ष्य प्राप्तीमा ६ महिनासम्म कार्य सम्पादन गर्दा प्राप्त उपलब्धी, प्राप्ती हुनुको कारण, असल अभ्यास र लक्ष्य प्राप्तीमा परेका अप्ठेरा वा बाधाहरुको बारेमा समीक्षा गर्दै तय भएको लक्ष्य प्राप्तीको लागि आवश्यक थप रणनीतिहरु तय गर्नका लागि समीक्षा बैठक महत्वपूर्ण कडि हो । संस्थाले आफ्नो अनुकुलतामा निमार्ण गरेका १ बर्षे देखि लिएर बहु बर्षे रणनीतिहरु मार्फत निर्धारण गरिएका लक्ष्य प्राप्तीमा समय सापेक्ष कार्य गर्दा प्राप्त अनुभव, सामाजिक, राजनैतिक र कानूनी परिवेश तथा समय सापेक्ष परिर्वतनले लक्ष्य प्राप्तीमा पारेको प्रभाव र आगामी दिनहरुमा परिर्वतन गर्नुपर्ने रणनीतिहरुको बारेमा पुर्न विचार सहितको रणनीति तय गर्ने कार्यक्रम नै समीक्षा बैठक हो । खासगरी सहकारी संस्थामा मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा लक्ष्य तथा रणनीतिहरुको समिक्षा गर्ने गरिन्छ ।

समीक्षा बैठकले संस्थाको सबै पक्षहरुमा समीक्षा गर्ने भएता पनि खास गरी आम्दानी, खर्च, बचत संकलन, ऋण प्रवाह र प्रभावकारी असुलीको बारेमा प्रस्ट हुने अवसर प्रदान गर्दछ । संस्थामा सुशासन कायम गर्दै दिगो र भरपर्दो सहकारी निर्माण गर्न सहयोगी औजार समिक्षा बैठक हो । समय समयमा गरिने यस्ता समिक्षा बैठकले संस्थाको वास्तविक अवस्थाको विश्लेषण गरी कमिकमजोरीहरु पत्ता लगाई सुधारात्मक कदम चाल्न समेत सहयोग गर्दछ ।

यस प्रक्रियाले व्यवस्थापन समिति, कर्मचारी र लेखा शाखालाई जिम्मेवार र पारदर्शी बन्न प्रेरित गर्छ । नियमित समीक्षा हुँदा सदस्यहरुलाई संस्थाको गतिविधिबारे जानकारी दिन सकिन्छ, जसले विश्वास र सहभागिता बढाउँछ । सदस्यहरुको बचत सुरक्षित छ भन्ने अनुभूति हुनु सहकारीको सफलता हो ।

त्यसैले अर्धवार्षिक समीक्षा सहकारीको "स्वास्थ्य परीक्षण" जस्तै हो, जसले समस्या ठूलो हुनुअघि नै समाधान गर्ने मौका दिई संस्थालाई स्थिर, विश्वसनीय र सफल बनाउँछ ।

## रक्तदान कार्यक्रम...

थियो । जसमा २८ जना पुरुष र ९ जना महिला गरी ३७ जना रहेका थिए । जिल्लामा रगत अभाव हुन नदिनका लागि खुल्ला रक्तदान कार्यक्रम आयोजना गरेको आयोजकले जानकारी दिए ।

नेपाल रेडक्रस सोसाइटी काब्रे उपशाखाका सभापति राजन दाहालको अध्यक्षतामा भएको कार्यक्रममा वैतेश्वर गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष कुमार चौलागाई, जनमुखी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष माधव प्रसाद दहाल, सचिव लक्ष्मण चौलागाई, जनसचेतन सहकारी संस्थाका कोषाध्यक्ष राजेन्द्रप्रसाद ढुङ्गेल र जनसचेतन सहकारी संस्थाका लेखा अधिकृत नविन्द्र रिमालले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## नियमित निरीक्षण...

सहकारीहरूको प्रवर्द्धन पहिलो र दोस्रो पक्षको आपसी सहयोग भएकोले विद्यमान जोखिम पहिचान एवम् व्यवस्थापन गरी सहकारी क्षेत्रमा उपलब्ध भएका नवीनतम प्रविधिहरू उपयोग मार्फत निरन्तर प्रबर्द्धन, विकास र संरक्षण गर्दै क्षेत्रगत स्थायित्व सुनिश्चित गर्न सहकारीको मर्म बमोजिम स्वनियमनको अभ्यास प्रबर्द्धनका लागि सम्झौता गरी कार्यान्वयन गरिएको हो । यस स्वनियमनको अभ्यासमा सहभागी भई साकोसको आर्थिक बृद्धि र सामाजिक छवी निर्माण मार्फत सदस्यमा केन्द्रीत सेवाहरु प्रवाहीकरणमा यस कार्यक्रमले मार्ग निर्देशकको रुपमा गर्ने अपेक्षा गरिएको छ ।

## सहकारी



*गोविन्द बस्नेत*
*वैतेश्वर गा.पा.-८,क्षेत्रपा, दोलखा*
*सदस्य नं: ८१५०*
*पेशा: मावि शिक्षक (कम्प्युटर विज्ञान)*

थोपा थोपा जम्मा गरी बनेको छ धेरै ।
सधै भरी भन्न पाइयोस जनसचेनत मेरै ॥

भावी पुस्ता खुशी हुन विगतका काम देखि ।
संस्था माथि उठ्नुपर्छ इतिहासमा नाम लेखि ॥

आर्थिक हिसाब हुनुपर्छ पारदर्शी ढङ्गले ।
स्वच्छ, सफल भन्न पाइयोस प्रत्येक अङ्गले ॥

हिनामिना, घुसखोरी हुनु हुन्न यहाँ ।
खराव सोच लिई कहिल्यै पस्नु हुन्न त्यहाँ ॥

कृषि, व्यापार, स्वास्थ्य अनि व्यवसायको लागि ।
ऋण लिनु, सदुपयोग गर्नु, नजानु है भागी ॥

व्यस्त हुन्छन् बचत कर्ता सधै भरि आउन्नन् ।
आर्थिक कारोबार स्वच्छ भए आरोप कसैले लाउन्नन् ॥

बचत गर्छन सदस्यले खाई नखाई ।
खुशि साथ सेवा पाउन दुख नपाई ॥

# कुखुराको खोर व्यवस्थापन कसरी गर्ने ?



दिपेश लामिछाने
पशु प्राविधिक
(सदस्य नं: ३०४८१)

कुखुराको खोर वातावरणको अवस्थामा ध्यान दिएर निर्माण गर्नुपर्छ । खोर निर्माण गर्दा चिसो, तातो, हावा, पानीबाट रक्षा गर्ने हिसाबले बनाउनुपर्छ । कुखुरा रहेको ठाउँमा हावा जाने आँउने ठाउँ हुनुपर्छ र बाह्य परभक्षीलाई रोक्ने खोर बनाउनुपर्छ । विभिन्न किसिमका खोरहरू आफूलाई अनुकूल हुने हिसाबले बनाउन सकिन्छ ।

- पक्की ईँटाको गारो लगाएर तथा बाँसको चोयाले पनि बनाउन सकिन्छ । किसानलाई आर्थिक भार बढी लाग्ने खोरहरू पनि प्रचलनमा छन् । ती खोर एकपटक बनाएपछि वर्ष दिनसम्म टिक्ने हुन्छ ।
- खोर निर्माण गर्दा यातायातको सुविधा, पानी, बत्तीको राम्रो आपूर्ति भएको, पानीको निकासा भएको, राम्रोसँग घाम लाग्ने, बजारको सुविधा भएको स्थान छनोट गर्नुपर्छ ।
- कुखुराको खोर निर्माण गर्दा पूर्व-पश्चिम दिशालाई खुला राख्नुपर्छ, जसले गर्दा सूर्यको प्रकाश खोरमा छिर्नसकोस् ।
- सोत्तर प्रणालीमा कुखुरा पाल्दा ब्रोइलर कुखुरालाई १ वर्गफुट तथा लेयर्स कुखुरालाई २ वर्गफुट स्थानको आवश्यकता पर्छ ।
- दुईतिरबाट जाली भएको हावाको निकास भएको खोर बनाउनुपर्छ ।



**सोत्तर व्यवस्थापन**

कुखुरा पालनमा खोरको व्यवस्थापन एउटा महत्त्वपूर्ण अङ्ग हो । ब्रोइलर र लेयर्स कुखुरा पालन गर्दा एकदिने चल्ला छनोट गर्नुपर्छ । चल्लालाई नयाँ खोरमा राख्नु अगाडि खोरलाई राम्रोसँग सफा गरेर सोत्तर हाल्नुपर्छ । सोत्तर एकदम सुक्खा हुनुपर्छ । काठको धूलो, धानको भुस, गहुँको भुस्सा धेरै प्रचलनमा छ । कुखुरा पालनमा प्रयोग हुने सबै औजारलाई स्वस्थ रक्षात्मक औषधिले राम्रोसँग धोएर पखाल्नुपर्छ, जसले गर्दा हानिकारक जीवाणुहरू कुखुराको खोरमा सङ्क्रमण हुन पाउँदैन । सोत्तर धेरै चिसो भयो भने त्यसलाई पल्टाएर, आर्द्रता मिलाएर राख्नुपर्छ । ब्रुडिङ व्यवस्थापन चल्लालाई न्यानो राख्न बिजुलीको बल्ब, होवर, हिटर र ब्याट्री ब्रुडरको प्रयोग गर्न सकिन्छ ।

**ब्रुडिङ घरको तयारी**

- एकदिने चल्ला किनेर ल्याउनुअघि नै ब्रुडिङ घरमा सम्पूर्ण चिजबिजको व्यवस्था मिलाउनुपर्छ । पुरानो खोरमा कुखुरा पाल्ने हो भने चल्ला ल्याउनु १ देखि २ हप्ताअगाडि नै खोर र अन्य भाँडाकुँडाहरू राम्रोसँग सफा गरेर सुक्खा र कीटाणुमुक्त गर्नुपर्छ।
- चल्ला आइपुग्नु केहीअगाडि पानीका भाँडा ठीक ठाउँमा राख्नुपर्छ ।

चल्ला ल्याएको पहिलो दिन थाकेका र कमजोर हुने भएकाले पानीमा ग्लुकोज मिसाएर दिनु राम्रो हुन्छ । एक लिटर पानीमा ८० ग्राम ग्लुकोज पाउडर मिसाएर दिनु उपयुक्त हुन्छ ।

- चल्ला हुर्काउने स्थानमा चल्लाहरू होवरबाट टाढा नजाऊन् भनेर छेक्न करीब १ दशमलव ५ फिट उचाइको प्लाइउड वा कर्कटपातको बाटुलो घेरा लगाउनुपर्छ, जसलाई चिकगार्ड भनिन्छ । शुरूमा यो चिकगार्ड होवरबाट करीब ३० इञ्चको दूरीमा हुनुपर्छ । चल्लाको खोर बढ्दै जाँदा यसको परिधि बढाउँदै लैजानुपर्छ ।

**४ हप्तासम्म चल्लाको व्यवस्थापन**

- पहिलो केही दिनका लागि दिनभर उज्यालो व्यवस्थापन मिलाउनुपर्छ, ताकि चल्लाहरूले दाना, पानी र तातोपन कहाँ छ, पत्ता लगाउन सजिलो पर्छ ।
- पहिलो हप्तामा सबैभन्दा सुविधाजनक तापक्रम ३२ दशमलव ५ डिग्रीदेखि ३५ डिग्री सेल्सिएस हो । ब्रुडरको तापक्रम प्रत्येक हप्ता २ दशमलव ५ डिग्री सेल्सियसले घटाउँदै गएर २१ डिग्री सेल्सियस तापक्रममा राख्नुपर्छ । यसका लागि होवरको उचाइ बढाउँदै लैजानुपर्छ । खोरको जाली वा झ्यालहरू दिउँसोको समयमा क्रमशः खुल्ला गर्दै जान सकिन्छ ।
- प्रत्येक २ देखि ३ घण्टामा ब्रुडर घर नियालेर हेर्नुपर्छ ताकि केही कमजोरी भए तुरुन्तै सच्याउनुपर्छ । मरेका चल्लाहरू तुरुन्त बाहिर निकाल्नुपर्छ । दानापानी भाँडोहरूमा छ कि छैन, तापक्रम र भेण्टिलेशनको अवस्था कस्तो छ सबै कुरा विचार गर्नुपर्छ ।
- प्रत्येक दिन पानीका भाँडाहरूलाई ब्रसले सफा गरेर ताजा र सफा पानी राखिदिनुपर्छ । जब चल्लाहरूले पानी पिउन सिक्छन्, त्यसपछि पानीका भाँडोलाई तारको प्लेटफर्ममा राख्नुपर्छ वा ईँटामाथि राख्नुपर्छ जसले गर्दा पानी पोखिएर सोत्तर भिज्न तथा कुखुराले पानीमा सोत्तर मिसाउन र फोहोर गर्न नपाओस् ।
- चल्लालाई खोरमा राखिसकेपछि पानी र खानाको व्यवस्थापन गर्नुपर्छ । कुखुराको मुख्य लागत भनेकै आहारा हो । समयमा उचित दाना दिइएन भने त्यसको असर चल्लामा देखापर्छ र शारीरिक वृद्धि कम भएर उत्पादनमा असर पर्छ । सम्पूर्ण पौष्टिक तत्व भएको आहारा खुवाइयो भने राम्रो उत्पादन दिन्छ । कुखुराको चल्लालाई पहिलो दिन १० देखि २० ग्रामको आहाराको आवश्यकता पर्छ । त्यसपछि चल्लाले गरेको आहारा उपयोगअनुसार दानाको मात्रा बढाउदै लैजानुपर्छ । शुरूको ३ देखि ४ दिन दाना नाङ्लो वा फराकिलो कुट वा पेपरमा दिनुपर्छ । जब चल्लाहरूले खान सिक्छन् तब मात्र दाना कम गहिराइ भएको भाँडामा दिनुपर्छ ।
- ब्रुडरमा राखिएको चल्लाको बार (चिक गार्ड)लाई प्रत्येक २/३ दिनमा अलिअलि गरेर बढाउँदै जानुपर्छ ।
- ब्रुडर घरभित्र पर्याप्त मात्रामा हावा आवतजावत गर्न सक्ने

*बाँकी पृष्ठ ४ मा*

# हार्दिक श्रद्धाञ्जली

*"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै बिन्ती गरुन् झुकेर पाउमा त्यो बिन्ती मान्दैन त्यो ।"*

**यस त्रैमासिकमा संस्थामा आवद्ध देहायका शेयर सदस्यहरुको असामयिक देहावसान भएकोले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।**



**रत्न माया दहाल**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ४४६५
मृत्यु मिति: २०८२/०७/१३



**इन्द्र बहादुर रिजाल**
भीमेश्वर न.पा.-३, दोलखा
सदस्य नं: ९४११
मृत्यु मिति: २०८२/०७/१३



**मान कुमारी रिमाल**
वैतेश्वर गा.पा.-७, दोलखा
सदस्य नं: २०१८
मृत्यु मिति: २०८२/०७/२२



**अम्बिका भुजेल**
मेलुङ गा.पा.-१, दोलखा
सदस्य नं: ३५१२७
मृत्यु मिति: २०८२/०७/२७



**मिलन भुजेल**
वैतेश्वर गा.पा.-८, दोलखा
सदस्य नं: १११७१
मृत्यु मिति: २०८२/०८/०३



**भीमलाल चौलागाई**
वैतेश्वर गा.पा.-७, दोलखा
सदस्य नं: ४४९५
मृत्यु मिति: २०८२/०८/०३



**चित्र माया उप्रेती**
मेलुङ गा.पा.-१, दोलखा
सदस्य नं:३२१०५
मृत्यु मिति: २०८२/०८/०८



**नन्दलाल घिमिरे**
वैतेश्वर गा.पा.-६, दोलखा
सदस्य नं: १११८
मृत्यु मिति: २०८२/०८/१९



**धनमाया चौलागाई**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ४०३
मृत्यु मिति: २०८२/०८/१९



**विष्णुमाया दहाल**
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: ३८०९
मृत्यु मिति: २०८२/०८/२३



**राम कुमार खड्का**
भीमेश्वर न.पा.-५, दोलखा
सदस्य नं: ५५२२
मृत्यु मिति: २०८२/०८/२७



**डबल बहादुर तमाङ**
जिरी न.पा.-९, दोलखा
सदस्य नं: ३९३३२
मृत्यु मिति: २०८२/०९/१६



**जगत कुमारी दहाल**
वैतेश्वर गा.पा.-५, दोलखा
सदस्य नं: ७४९७
मृत्यु मिति: २०८२/०९/२५



**कुल बहादुर कार्की**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: १६३८
मृत्यु मिति: २०८२/०९/२९

**गोपालध्वज श्रेष्ठ**
अध्यक्ष एवम्
**जनसचेतन साकोस परिवार**

## कुखुराको खोर...

- चार हप्तासम्म कुखुरालाई दिनको २३ घण्टा प्रकाशको आवश्यकता पर्छ । अतः रातको समयमा नियमित बत्तीको व्यवस्था गर्नुपर्छ ।
- प्रत्येक दिन बिहान बेलुका चल्लाको स्वास्थ्य के कस्तो छ । राम्रोसँग हेर्नुपर्छ । साथै प्रत्येक पटक दाना दिँदा राम्रोसँग दाना खाए नखाएको विचार गर्नुपर्छ । कुखुराको आहारा व्यवस्थापनमा ध्यान दिन सकेमा पोल्ट्री व्यवसायलाई नाफामूलक बनाउन सकिन्छ । कुखुरापालनमा लाग्ने खर्चमा आहाराले मात्र ६५ देखि ७० प्रतिशत स्थान ओगटेको हुन्छ । अनुचित तरीकाले दाना खुवाउँदा लागत मात्र बढ्ने नभई उत्पादनमा असर पर्नुका साथै विभिन्न रोगको कारण समेत बन्दछ । चल्लाको वृद्धिदर र फुल पार्ने कुखुराको फुल उत्पादन दर विशेषतः दानाको गुणस्तर र परिमाणमा भर पर्ने भएकाले

विशेषतः दानाको गुणस्तर र परिमाणमा भर पर्ने भएकाले कुखुराको उमेर र अवस्थानुसार गुणस्तरीय दाना आवश्यकता अनुसार उपलब्ध गराउनुपर्छ । कुखुराका लागि आवश्यक पोषणतत्व कुखुराको जात, उमेर, उत्पादन क्षमता र वातावरणमा निर्भर गर्छ । कुखुराका लागि चाहिने आवश्यक पौष्टिक पदार्थ दानामा निहित ६ प्रकारका पौष्टिक तत्वहरूले कुखुराको पोषण पूरा गर्छन् । जो निम्नानुसार छन्ः कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ र पानी । शक्तिवर्द्धक खाद्य पदार्थ अन्तर्गत (कार्बोहाइड्रेट र चिल्लो पदार्थ)ः मकै, गहुँ, जौ, कोदो, ढुटो, खुदो, आलु, तरुल, पिँडालु, कनिका, गीठा, स्कुस, तेल, बोसो आदि शक्तिवर्द्धक खाद्यपदार्थ हुन् । यसले कुखुराको शरीरलाई आवश्यक शक्ति र ताप प्रदान गर्छ । यस कारण आहारामा यसले ६० देखि ७० प्रतिशत अंश ओगटेको हुन्छ । चल्ला हुर्कँदै जाँदा यसको आवश्यक मात्रा पनि बढ्दै जान्छ ।



# सफलताको कथा



**नाम्गेल तमाङ**
**शैलुङ गा.पा.-८, पाँडेखानी, दोलखा**
**सदस्य नं: ३२१९८**

दोलखा जिल्ला शैलुङ गाउँपालिका वडा नं. ८, पाँडेखानी टोलमा बस्ने बुबा सोम बहादुर तमाङ र आमा कुसुम डोल्मा तमाङबाट वि.सं. २०४१ जेष्ठ ५ मा म नाम्गेल तमाङको जन्म भएको थियो । मेरो बाल्यकाल दोलखा जिल्लाको पाँडेखानीमा नै बितेको थियो । मैले प्राथमिक शिक्षा श्री शैलुङ्गेश्वर प्राथमिक विद्यालयबाट सुरु गरैं । घरायसी समस्याको कारण दुःख कष्ट संहाल्दै मैले कक्षा ५ सम्मको मात्र अध्ययन गर्ने अवसर पाएँ, त्यसपछि कलिलै उमेरमा मेरो पिता र आमाले दोलखा जिल्ला शैलुङ गाउँपालिका वडा नं. ७, फस्कुमा बस्ने लाल धोर्जे तमाङ र माइली तमाङको छोरी कुसुम डोल्मा तमाङसँग विवाह गरिदिनुभयो । यसरी विवाह पश्चात म र श्रीमती गाउँमा नै आलु तथा काउली खेतीपाती गर्दै आइरहेको थियौं । त्यसै क्रममा घर व्यवहार चलाउन समस्या भइरहेको थियो । अब यसरी यो व्यवसायले मात्र घर व्यवहार चलाउन गाह्रो भयो । शैलुङ नजिकै होटल व्यवसाय गर्नुपर्छ, बालबच्चालाई पनि पालनपोषण गर्नुपर्छ, तिनीहरुलाई शिक्षादिक्षा दिनुपर्छ भन्ने सरसल्लाह भइरहेको थियो ।

यसैबिच एक दिन जनसचेतन सहकारीको शिक्षा शिविर कार्यक्रममा सहभागी हुने अवसर मिल्यो । त्यस कार्यक्रमबाट प्रेरित भई मैले सदस्यता लिएँ र नियमित बचत गर्दै गएँ । यसै क्रममा स्वदेशमा नै शैलुङ जस्तो पर्यटकीय क्षेत्र जाने पदमार्ग नजिक कालापानीमा शैलुङ ग्रेटवाल होटल एण्ड लज सञ्चानलन गर्नुका साथ साथै आलु तथा काउली खेती गर्ने निधौं गरे तर के गर्नु, रकम अभावले गर्दा सुरु गर्न सकिरहेको थिइन । गाउँघर, छरछिमेक कसैले पनि मलाई रकम दिन पत्याएनन् । उक्त कुरा मैले जनसचेतन सहकारीमा पुगी आफूले गर्न लागेको व्यवसायको योजना पेश गरैं र त्यस योजना अनुसारलाई ऋण दिन संस्था मन्जुर भयो । मैले संस्थाबाट सुरुमा केही रकम ऋण लिएर २०७८ सालमा दोलखा जिल्ला शैलुङ गाउँपालिका वडा नं. ८ कालापानीमा होटल व्यवसाय र आलु तथा काउली खेती सुरु गरैं ।





यी व्यवसायबाट मैले दैनिक रुपमा ३-४ हजार आम्दानी गर्दै आइरहेको छु । अहिले यही व्यवसायबाट घरखर्च, बच्चाबच्ची लाई शिक्षा दिक्षा तथा केही रकम बचत समेत गर्ने गरेको छु । मेरो व्यवसायमा सुरुदेखि नै जनसचेतन सहकारीको साथ र सहयोग भएको कारण मेरो सफलताको श्रेय जनसचेतन सहकारीलाई नै दिन चाहान्छु । संस्थासँगको मेरो परिचय असल बचतकर्ता तथा असल ऋणी सदस्यको रुपमा रहेको छ । संस्थामा मैले नियमित रुपमा बचत तथा ऋणको कारोबार गर्दै आइरहेको छु । जनसचेतन सहकारी समुदायमा आधारित सहकारी संस्था हो । संस्थाले जन्मदेखि मृत्युसम्मको विभिन्न सेवा तथा सुविधाहरु उपलब्ध गराउँदै आइरहेको छ भन्ने कुरा आफन्त तथा छरछिमेकमा समेत भन्दै आइरहेको छु ।

संस्थाले ममाथि गरेको सहयोगलाई बचाइराख्न मैले नियमित रुपमा बचत गर्दै आइरहेको छु । ऋणको किस्ता पनि समयमा नै तिर्ने गरेको छु र संस्थाले प्रदान गर्दै आइरहेको ब्याज छुटको सुविधा पनि लिने गरेको छु । संस्थाप्रति राम्रो छवी बनाएको कारण ऋण लिनको लागि अन्य वित्तीय संस्थामा धाउनु परेको छैन । मसँग सल्लाह माग्न आउनु हुने मेरो छिमेक तथा साथीहरुलाई सबै किसिमले जनसचेतन साकोस एक अब्बल संस्थाको रुपमा परिचित छ त्यसैले जनसचेतन सहकारीमै सदस्य बन्न सल्लाह दिदै आइरहेको छु । अन्त्यमा भावी दिनमा जनसचेतन सहकारीले धेरैभन्दा धेरै सदस्यको मन मष्तिस्कमा बस्न सकोस्, सदस्य केन्द्रित कार्यक्रमहरु समय समयमा उपलब्ध गराउँदै जाओस्, सदस्यको आवश्यकता अनुसारको कार्यक्रमहरु ल्याउँदै जाओस्, संस्थाको सेवाहरुलाई थप प्रविधिमैत्री बनाउँदै लगोस् । संस्थाको उन्नति र प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

# चिर्कटोमा खत्री नरेको आत्मकथा



यज्ञराज खतिवडा
बैतेश्वर गा.पा.- ५, कालथोक
(सदस्य नं: ७९५१)

नरबहादुर खत्री उसको वास्तविक नाम हो । उसलाई धेरबहुत गाउँलेले खत्रीको नरे भनेर चिन्थे । कुनै पनि व्यक्तिको व्यक्तित्व उसको नामले होइन लोकको लोकव्यबहारले स्थापित गर्दो रहेछ । लोकव्यबहारले उसलाई मतानेको गर्भे भन्थ्यो । यो उपनाम उसको सम्मुखमा होइन कुरा काट्ने र उसको आलोचना गर्नेको जिब्रोमा झुन्डिएको थियो । खत्रीको नरेलाई मतानेको गर्भे भन्नुका खास दुई कारण थिए । एउटा उसका बुबा छुट्टिएर बस्दा अंशमा मतान परेको थियो त्यसैले सबै गाउँले बाउलाई मताने भन्थे । त्यही बाउको बिँडो उसले थामेको थियो र ऊ मताने नै भयो । खत्री त उसको थर हो । त्यही खत्रीको नरे आमाको गर्भमा छ महिनाको हुँदा बाउ हैजा लागेर मरेका थिए त्यहीँदेखि गाउँले उसलाई मतानेको गर्भे भन्न थालेका रहेछन् ।

गाउँ एक किसिमले भन्ने हो भने पुरातनवादी विचारमा जीवन्त थियो । बिहानको समय भालेको डाँकमा बिउझिन्थ्यो । गाउँका मान्छे सहर पसेकको हालखबर अँगेनामा नुन पट्काएर अनुमान गर्थे । गाउँमा पढेलेखेका मानिस बिरलै हुन्थे । गरिब, निमुखा र मजदुरी गर्नेका लागि आँटो र पिठो बाह्रै महिना पाखुरी बजाएर मात्रै पेट भरिन्थ्यो त्यो पनि जम्मा दुखजिलो ६/८ महिनालाई पुग्थ्यो । बाँकी पेट भर्ने अन्न साहुमहाजनका भकारीमा भर पर्नुपर्थ्यो । गरिबीले थिल्लिएको गाउँ किसानको किस्मतको किस्तीमा होइन परिश्रमको पसिनामा बाँचेको थियो । साहुमाजनले गरिबका लागि आफ्नै शास्वत नियम राखेका थिए । त्यो दिँदा सानो पाथी र लिँदा ठुलो पाथी हुनुपर्थ्यो । ती गरिब निमुखाका लागि लादिएको नियम खत्रीको नरेकी आमालाई पनि लागु हुन्थ्यो ।

दुः ख जिलो गरेर खत्रीको नरेकी आमाले नरेलाई हुर्काइन् । गाउँमा पढेलेखेका मानिस सिला खोज्नु पर्थ्यो । कोही बाहुनका छोरा आफ्ना बाउबाट घरमा साक्षर हुन्थे भने कोही धनी मानिसका साहु महाजनका छोरा सिलोट र पाटी बोकेर गाउँका पण्डितकोमा गएर शिक्षा लिन्थे । पण्डितको घर छेउमा खत्रीको नरेको पनि छाप्रो थियो । बेला बेलामा खत्रीको नरेकी आमा पण्डितकोमा पाखुरा बजार्न जनन्थिन् र ल्याएको अन्नले आफ्नो र नरेको भोको पेट भर्थिन् । आमासँग पण्डितकोमा मेलापात पर्दा खत्रीको नरे पनि जान्थ्यो । पण्डितले साहुमहाजनका छोरालाई रामायणका बालकाण्ड, किष्किषकान्द सुनाउँथे भने कखरा र पहाडा पनि सिकाउँथे।पण्डित संस्कृतका श्लोक आफ्ना शिष्यलाई सोद्थे तर उनीहरु द्विविधामा पर्थे भने उनीहरुलाई पढाएको र घोकाएको परबाट सुनेर बसेको खत्रीको नरेको पण्डितका शिष्यले दिन नसकेको प्रश्नको जवाफ सजिलै दिन्थ्यो । चलाख दिमाग र टपक्क कुरा टिपेको देखेर यता पण्डित दङ्ग पर्थे ।

खत्रीको नरेको वर्षेनी ५ मुरी धान फल्ने ज्यामिरे खेत खत्रीको नरेकी आमाले दसनङ्ग्रा खियाएर कमाएकी थिइन् । यसले ती आमाछोराको जसोतसो गुजारा चलेको थियो । दुःखको कुरा पाँचवर्ष अघि ज्यामिरे खेत गाउँका जिम्मल जमदारले खत्रीको नरेका बाउले आफूसँग लिएको ऋणको तमसुक देखाए र लिएको ऋण तिर्न नसकेको भनी ग्रामसभा राखेर आफ्नो बनाए । अहिले खत्रीको नरे २० वर्षको भयो । ऊ औपचारिक पढाइ नभए पनि गाउँका पढेलेखेकासित शास्त्रार्थ गर्न सक्षम थियो । खत्रीको नरे गाउँका मान्छेमा वर्गीय असमानताका बारेमा चेतना जागृत गराउन तल्लीन हुन्थ्यो । ऊ वर्गीय असमानतालाई ज्वरैदेखि उन्मुलन गर्न गाउँलेलाई गोलबद्ध हुन आग्रह गर्थ्यो तर बिडम्बना साहुको ऋणको बोझ बोकेका गाउँले उसको समर्थन गर्न सक्दैनथे। नियतिले मानिस समयको दास बन्न विवश हुँदोरहेछ । गाउँको मुहार फेर्ने सपना बोकेको खत्रीको नरे नै बचेको अलिकति घरजग्गा समेत साहुको बन्धकी बननाएर विदेशिन बाध्य भयो ।

साहुको बन्धकी राखेको घरजग्गा र ज्यामिरे खेतको व्याज लिन साहु दिनहुँ जसो खत्रीको नरेकी आमाकोमा आउने, आमाले जम्मा गरेको जिन्सी र नगद लैजाने गर्थ्यो । त्यतिमात्रै हो र ? उल्टै सावाँको व्याज, व्याजको स्याज र स्याजसमेत जोडेर जान्थ्यो । खत्रीको नरे विदेशमा भनेजस्तो काम पउन नसकेर दुई वर्षसम्म काम र कमाइ बिहीन बन्न पुग्यो । उसले उस्तो घरमा हालखबर बताउन पनि पाएन । उता आमा छोराको हालखबर बुझ्न नपाउँदा र साहुको दिनहुँको कचकचले खत्रीको नरेकी आमा प्राण त्याग्न पुगिन् । दुःख सुख गाउँलेले दाहासंस्कार समेत गरिदिए । पाँच वर्ष पछि खत्रीको नरे विदेशबाट स्वदेश फर्कियो । आफ्नी आमा आफूले गुमाएकोमा हुनसम्म दुःखी भयो । साहुको बन्धकीमा राखेको आफ्नो घरजग्गा निखनेर आफ्नो बनायो । उसमा गाउँमा केही गर्ने मनको हुटहुटी पुनः जीवन्त भएर आयो । साहुको ऋण तिरेर बाँकी रहेको अलिअलि पैसाले गाउँमा एउटा पाटी, चौतारो, धारो र घाटमा दाहसंस्कार गर्ने चौकोसे स्थान पनि बनायो । ऊ गाउँका मानिसलाई थुक तेल गरेर भए पनि २/४ पैसा जम्मा गर्न हुटहुटी लगाउँथ्यो । आफू बिरामी पर्दा, घरमा शोक पर्दा, अनिकाल र भोकमरी लाग्दा, सुक्खा पर्दा, आगलागी हुँदा उक्त पैसा सदुपयोग गरे सहायता लिन स्वयमूले सकिने तर्क गाउँका गरिब निमुखालाई बुझाउँदै जान्थ्यो ।

खत्रीको नरेले बिस्तारै गाउँका मान्छेमा बचत गर्ने बानीको विकास गराउँदै गयो । उसले अब महिनामा रु ५ देखि ५० सम्मका दरले बचत जम्मा गर्ने र त्यसको आवाश्यकता अनुसार सदुपयोग गर्ने काइदा गाउँलेलाई बताउँदै गयो । यसरी जम्मा भएको रकमले साहुको ऋणको व्याज तिर्ने ,चाडपर्वमा मिठो मसिनो खान साहुको दैलो कुर्नु नपर्ने अवस्था आउन थाल्यो । सहकारी अभियानले गाउँका मान्छेमा आर्थिक सवृद्धिको चेतना जागृत गराउँदै लैजान खत्रीको नरे सफल हुँदै गयो । पहिले रु ५ देखि ५० सम्मको बचतको अनुपात १०० देखि ५०० सम्म पुग्यो । रोजगारीका लागि विदेश जाँदा आफ्नो उर्वरायुक्त घर, खेत र बारी बन्धकी राख्नुपर्ने बाध्यतालाई सहकारी हिजोआज सारथी बनेको थियो । सस्तो वयाजदरमा सहकारीले विदेश जाने, गाउँघरमा साना तथा मझौला उद्यम गर्ने, कृषि तथा पशुपालन व्यवसाय गर्ने, व्यापार व्यवसाय सञ्चालन गर्ने उद्यमी तथा व्यवसायीलाई कर्जा प्रदान गर्ने गर्थ्यो । यो सहकारी अभियानको सम्पूर्ण नेतृत्व खत्रीको नरेले नै गरिरहेको थियो । उसले गाउँका केही अगुवा व्यक्तिहरुको समेत संलग्नतामा

बाँकी पृष्ठ ७ मा

## पौष मसान्तसम्मको वित्तीय विवरण

| विवरण | रकम | विवरण | रकम/ संख्या |
|---|---|---|---|
| शेयर पूँजी रू. | १५,४३,२७,५००.०० | कुल शेयर सदस्य संख्या | २६,१५५ |
| जगेडा कोष रू. | १८,८७,७१,८५०.६२ | कुल ऋणी सदस्य | ३,१२१ |
| कुल बचत रू. | १,८१,३२,७१,२७६.०० | लगानीमा रहेको ऋण रू. | १,६४,८०,७४,५५२.०४ |
| कुल संस्थागत पूँजी रू. | १८,८७,७१,८५०.६२ | तरलता रकम र प्रतिशत | ५३,७३,२८,५०८.२६ (२५.६३%) |
| विभिन्न कोषहरुमा जम्मा रू. | १२,३७,५२,८८५.६६ | कुल सम्पत्ति रू. | २,६१,२५,०५,००८.२८ |

### कार्यालय समय

**बिहान ९:३० बजेदेखि ५:३० बजेसम्म**
**(माघ १६ देखि कार्तिक १५ गतेसम्म)**



**बिहान ९:३० बजेदेखि ४:३० बजेसम्म**
**(कार्तिक १६ देखि माघ १५ गतेसम्म)**

## चिर्कटोमा खत्री...

सहकारी दर्ता गरेर यसलाई वैधानिकता दियो । खत्रीको नरेले सहकारीमा आफ्नो उत्तराधिकारी समेत तयार पारेको थियो । उसको उदाहरणीय कार्यको सबैले मुक्तकण्ठले प्रशंसा गरेका थिए । उसकै पहलकदमी र सहकार्यमा गाउँमा धेरै सहकारीहरु स्थापना भए । खत्रीको नरे आफू सहकारीको नेतृत्वबाट बिदा लिने र केवल सहकारी अभियान्ता बन्ने निधोमा पुग्यो ।

उसको उमेरले डाँडो काटिसकेको थियो तथापि अझै पनि ऊ आफ्नो हुर्मतले भ्याएसम्म सहकारीका बारेमा गाउँलेलाई चेतना जागृत गराइरहन्थ्यो । एउटा अनकन्टार, निर्जन र सुनसान गाउँका मानिस जो साहुमहाजनका दास थिए । उनीहरुलाई आत्मनिर्भर हुन सिकाउने सहकारी अभियान्ता खत्रीको नरे आज सदैका लागि यो धर्ती छोडेर गयो । उसले गाउँलेका लागि दाहासंस्कार गर्न घाटमा बनाएको चौकोसे स्थानमा उसलाई पनि गाउँलेले अन्तिम बिदाई गरे । खत्रीको नरेले आफ्नो अन्तिम अवस्थामा आफूले गरेका समग्र गतिबिधिलाई सारमा टिपेर तयार पारेको हस्तलिखित चिर्कटो मलाई थमाएको थियो । त्यही चिर्कटोलाई आधार मानेर मैले आज एक वर्षको पुन्यतिथिमा खत्री नरेको आतम कथा सबै गाउँलेलाई स्मृतिको कथा बनाएर कागजमा पोखेँ र खत्रीको नरेप्रति श्रद्धासुमन अर्पण गर्ने सत्प्रयास गरेँ ।

## ऋणको कारोबार नियमित गर्ने बारेको सूचना !

यस संस्थाबाट विभिन्न शीर्षकहरुमा कर्जा (ऋण) लिनु भएका ऋणी सदस्यहरुले ऋण लिँदाको बखतमा गरिएको सम्झौताको आधारमा नियमित रुपमा किस्ता तथा ब्याज बुझाउनु सदस्यको कर्तव्य हो । यदि कोही ऋणी सदस्यले आफूले लिएको ऋणको किस्ता तथा ब्याज नियमित नभएको भए वा तिर्नु बुझाउनुपर्ने रकम नबुझाउनु भएको भए यथाशक्य छिटो पायक पर्ने संस्थाका कार्यालयहरुमा उपस्थित भई आफ्नो ऋणको किस्ता तथा ब्याज नियमित वा चुक्ता गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । लामो समयदेखि भाखा नघाएका तपाई ऋणी सदस्यलाई संस्थाबाट रकम भुक्तानीको लागि विभिन्न समयमा गरेको तरताकेता (टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रद्वारा) लाई समेत वेवास्ता गरी रहनु भएका तपाई ऋणीहरुले समयमै आफूले लिनु भएको ऋणको तिर्न बाँकी रकम भुक्तानी गरी असल ऋणी सदस्यको पहिचान कायम राख्नुहुन हार्दिक अनुरोध गर्दछौं । अन्यथा सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा प्रचलित नेपाल कानून बमोजिम ऋणी सदस्य तथा व्यक्तिगत जमानी बस्ने सदस्यको फोटो सहितको तीनपुस्ते विवरण सार्वजनिक गरी कानून बमोजिम ऋण असुल उपर गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**- जनसचेतन साकोस**

इ-बुलेटिनमा सम्बन्धमा कुनै पनि सल्लाह सुझाव तथा पृष्ठपोषणहरु भएमा तलको QR Scan गरी दिन सक्नुहुनेछ ।

**Scan me !**

### सम्पादन

- गोपालध्वज श्रेष्ठ, अध्यक्ष
- नवराज दहाल, प्रमुख कार्यकारी अधिकृत
- रमेश लामिछाने, सूचना प्रविधि अधिकृत